लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.
(A Joint Venture of Life Insurance Corporation of India)

AN ISO 9001 CERTIFIED ORGANISATION
Certificate No. 42693

च.नं. २०८०-५-११-१५६

मिति : २०८०/०५/११

श्रीमान अध्यक्षज्यू
नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरबार प्लाजा, काठमाडौं ।

विषय : २० औं वार्षिक साधारण सभाको (माइन्युट) विवरण पठाएको बारे ।

महोदय,

उपरोक्त सम्वन्धमा यस कम्पनीको मिति २०८०/०४/१७ बुधवारका दिन लिसारा रिसेप्सन हल, नक्साल, काठमाण्डौमा बसेको २० औं वार्षिक साधारण सभा (आ.व.२०७७/७८ को) मा भएको काम कारवाहिको विवरण (माइन्यूट) जानकारीको लागि तहाँ समक्ष पेश गरिएको छ ।

सधन्यवाद ।

भवदीय,

सुदर्शन गिरी
(कम्पनी सचिव )

संलग्न : पाना ८ को माइन्यूट थान - १ ।

कर्पोरेट कार्यालय: पो.ब.नं.: २१९०५, चौथो तल्ला, स्टार मल, पुतलीसडक, काठमाडौं, नेपाल
फोन: ४०१२६१३, ४०१२६१४, फ्याक्स: ९७७-१-४०१२६१५, इ-मेल: liccorporate@licnepal.com.np
Corporate Office: P.B. No.: 21905, 4th Floor, Star Mall, Putalisadak, Kathmandu, Nepal
Phone: 4012613, 4012614, Fax: 977-1-4012615, E-mail: liccorporate@licnepal.com.np

## लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको

## बीसौं (२० औं) वार्षिक साधारण सभाको

## काम कारवाहीको विवरण (माईन्यूट)

१. प्रारम्भिक:

कम्पनी ऐन २०६३ र यस लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको नियमावली बमोजिम कम्पनीको २० औं वार्षिक साधारण सभा श्री सिद्धार्थ महान्ति ज्यूको अध्यक्षतामा देहाय बमोजिमको मिति, स्थान र समयमा देहाय बमोजिम सु-सम्पन्न भयो।

२. **सभा भएको मिति, स्थान र समय:**

मितिः २०८० साल श्रावण १७ गते बुधबार (तदनुसार २ अगस्ट २०२३)

स्थान: लिसारा रिसेप्सन, नक्साल, काठमाण्डौं।

समय: अपरान्ह १२.१५ बजे प्रारम्भ भई दिउँसो २.१० बजे सम्पन्न।

३. **सभाको सूचना:**

यस कम्पनीको २० औं वार्षिक साधारण सभा सम्वन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ (२) र कम्पनीको नियमावलीको नियम ९ अनुसार प्रथम पटक २०८०/३/२६ गतेको नयाँ पत्रिका दैनिक, दोस्रो पटक २०८० साल श्रावण ५ गतेको आर्थिक अभियान दैनिक, तेस्रो पटक २०८० साल श्रावण १० गतेको नयाँ पत्रिका दैनिक र चौंथो पटक २०८० साल श्रावण १५ गतेको आर्थिक अभियान दैनिकमा प्रकाशित सूचना एवं यस कम्पनीको वेभसाइटमा राखिएको सूचना बमोजिम सभा हुने मिति, स्थान, समय र छलफलको विषय सूचिको साथै आ.व. २०७७/७८ को संक्षिप्त बार्षिक आर्थिक विवरण सम्वन्धी जानकारी सहितको सूचना प्रकाशित गरी शेयरधनीहरुलाई जानकारी गराइएको थियो।

४. छलफल गरिएका विषय सूचि:

<u>छलफलका विषयहरु:</u>

(क) <u>साधारण प्रस्तावहरु:</u>

(१) अध्यक्षद्वारा संचालक समितिको वार्षिक प्रतिवेदन २०७७/०७८ प्रस्तुत गरी अनुमोदन गर्ने।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तसम्मको वासलात र आ.व. २०७७/०७८ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरणमाथि छलफल गरी पारित गर्ने।



Life Insurance Corporation (Nepal) Ltd.

(३) लेखा परिक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७८/०७९ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने। (कम्पनी ऐन, २०६३ को दफा १११ (३) बमोजिम बहालवाला लेखापरीक्षक श्री पिएल श्रेष्ठ एण्ड कम्पनी पुनः नियुक्त हुन योग्य हुनुहुन्छ)

(४) संस्थापक शेयरधनीको तर्फबाट नियुक्त सञ्चालकहरूको नियुक्तिलाई अनुमोदन गर्ने।

(ख) विशेष प्रस्तावहरु:

(१) कम्पनीको हाल कायम पूँजी संरचनामा संस्थापक र साधारण शेयरको ७०: ३० अनुपातलाई परिवर्तन गरी ६५:३५ प्रतिशत कायम गर्न संस्थापक शेयरलाई साधारण शेयरमा परिणत गर्ने र सोही अनुसार प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन प्रस्ताव पारित गर्ने।

(२) कम्पनीको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने सन्दर्भमा नियमनकारी निकायहरु (कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल बीमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड, आदि) ले आवश्यक सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक समायोजन गर्न संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने।

(ग) अध्यक्षको अनुमतिले अन्य कुनै विषयहरु।

५. उपस्थिति:

५.१ सञ्चालकहरुको उपस्थिति:

| | | | |
|---|---|---|---|
| (क) | श्री सिद्वार्थ महान्ति | - | सञ्चालक अध्यक्ष (विद्युतिय माध्यम) |
| (ख) | श्री तबलेश पाण्डेय | - | सञ्चालक (विद्युतिय माध्यम) |
| (ग) | श्री अशोक कुमार अग्रवाल | - | सञ्चालक |
| (घ) | श्री प्रविन कुमार मोलरी | - | सञ्चालक (विद्युतिय माध्यम) |
| (ङ) | श्री प्रणय कुमार | - | सञ्चालक/ प्रमुख कार्यकारी अधिकृत |
| (च) | श्रीमती कोमल अग्रवाल | - | संचालक |

५.२ कम्पनी पदाधिकारीको उपस्थिति:

| | | | |
|---|---|---|---|
| (क) | श्री टी. बर्णवाल | - | नायव प्रमुख कार्यकारी अधिकृत |
| (ख) | श्री संजीव कुमार अग्रवाल | - | प्रमुख - सूचना प्रविधि विभाग |
| (ग) | श्री सुदर्शन गिरी | - | कम्पनी सचिव |
| (घ) | श्रीमती ममता पौडेल | - | प्रमुख - पोलिसी सर्भिसिङ विभाग |
| (ङ) | श्रीमती सबिना श्रेष्ठ | - | प्रमुख - अण्डरराइटिङ विभाग |
| (च) | श्रीमती संगीता मैनाली | - | प्रमुख - लगानी विभाग |
| (छ) | श्री गिरिराज घिमिरे | - | प्रमुख - अफिस सर्भिस विभाग |



Life Insurance Corporation (Nepal) Ltd.

| | | | |
|---|---|---|---|
| (ज) | श्री प्रकाशभक्त उपाध्याय | - | प्रमुख - मार्केटिङ्ग विभाग |
| (झ) | श्री दामोदर पौड्याल | - | प्रमुख - लेखा विभाग |
| (ञ) | श्रीमती चन्चला जोशी | - | प्रमुख- दावी भुक्तानी विभाग |
| (ट) | श्री बिनेश रौनियार | - | प्रमुख- जोखिम विभाग |

साथै स्थानीय शाखा कार्यालयहरुका प्रमुखहरु र कर्पोरेट कार्यालयका कर्मचारीहरुको उपस्थिति रहेको ।

५.३ नियमनकारी निकाय:

श्री अर्जुन खड्का - सहायक रजिष्ट्रार, कम्पनी रजिष्ट्रारको कार्यालय

६. शेयरधनीहरुको उपस्थिति:

भौतिक रुपमा जम्मा उपस्थित संख्या: २१२

७. **गणपुरक संख्या एवं बैधानिकता:**

| विवरण | कुल शेयरधनी संख्या | जम्मा उपस्थिति | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या (संस्थापक/ सर्वसाधारण समूह) | १६,१४७ जना | २१२ | ७५.०५८९ % |
| शेयरधनीहरुले ग्रहण गरेको कित्ता | २,६५,३२,००० कित्ता | १,९९,१४,६२५ कित्ता | |

सभाको प्रारम्भमा उद्घोषकको रुपमा कम्पनी सचिव श्री सुदर्शन गिरीले यो २० औं वार्षिक साधारणसभा कम्पनीको नियमावली र प्रचलित ऐन कानून बमोजिम बोलाइएको र सभा सञ्चालन गर्न कम्पनी ऐन, २०६३ को दफा ७३ (२) अनुसार गणपुरक संख्या पुगेको जानकारी सभालाई गराउनुभयो ।

८. सभाको अध्यक्षता र सभा सञ्चालन:

कम्पनीको २० औं वार्षिक साधारण सभाको अध्यक्षता कम्पनी ऐन, २०६३ को दफा ७४ (१) र कम्पनीको नियमावलीको नियम १३.१५(ग) बमोजिम सञ्चालक श्री सिद्दार्थ महान्ति ज्यूले गर्नुभयो । प्रचलित कानून पालना भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६९ को अधिनमा रही सभाध्यक्ष श्री सिद्दार्थ महान्ति ज्यूले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक अभिवादन तथा स्वागत गर्दै सभाको कार्यक्रम अघि बढाउनु भयो ।

९. २० औं वार्षिक प्रतिवेदनको प्रस्तुति:

सभामा २० औं वार्षिक प्रतिवेदन २०७७/७८ प्रस्तुत गर्न अध्यक्षज्यूलाई अनुरोध गरिएपछि अध्यक्ष श्री सिद्दार्थ महान्ति ज्यूले कम्पनीको २० औं वार्षिक प्रतिवेदन अंग्रेजी भाषामार्फत् सभामा प्रस्तुत गर्नुभयो ।



Life Insurance Corporation (Nepal) Ltd.

१०. छलफलका लागि आह्वान:

अध्यक्षज्यूद्वारा वार्षिक प्रतिवेदन र वासलातको प्रस्तुतिपछि सो सम्बन्धमा आ-आफ्नो प्रश्न, जिज्ञासा, सुझाव एवं मन्तव्य व्यक्त गरिदिन कम्पनी सचिवद्वारा शेयरधनी महानुभावहरुलाई आह्वान गरियो। यसै क्रममा देहायका शेयरधनी महानुभावहरुले छलफलमा भाग लिनुभयो।

(क) श्री डमरू बल्लभ घिमिरे
(ख) श्री सत्रुधन श्रेष्ठ
(ग) श्री सुदिप श्रेष्ठ
(घ) श्री व्यास कुमार शर्मा
(ङ) श्री ब्रम्हदेव शाक्य
(च) श्री उद्वव प्रसाद घिमिरे
(छ) श्री लवराज जोशी
(ज) श्री रामगोपाल महर्जन
(झ) श्री निरुपमा गुप्ता
(ञ) श्री नरसिंह लाल चखुँ (लिखित मन्तव्य)
(ट) श्री नन्द किशोर शर्मा (लिखित मन्तव्य)

११. प्रस्तुत गरिएका जिज्ञासा एवं सुझावहरु:

(क) शेयरधनी श्री डमरू बल्लभ घिमिरेले आ.व. २०७७/७८ को साधारण सभा ढिलै भएता पनि सु- सम्पन्न हुन लागेकोमा खुशी व्यक्त गर्दै नयाँ प्रमुख कार्यकारी अधिकृत श्री प्रणय कुमारको कार्यकाल सफल होस् भन्ने कामना गर्नु भयो । श्री प्रणयकुमारको कार्यकालमा कम्पनीले व्यवसाय विस्तारमा आक्रामकता ल्याई संस्थागत सुशासन पालना गर्दै कम्पनीको सबै सुचकहरु उत्कृष्ट होस् भन्ने कामना गर्नु भयो ।

(ख) शेयरधनी सत्रुधन श्रेष्ठले कम्पनीको कार्य शुरुवात देखिनै राम्रो रहेको र कर्मचारीहरू पनि इमान्दार र अब्बल दर्जाका रहेका भन्दै कम्पनीको सूचकहरु सन्तोषजनक नै रहेको कुरा व्यक्त गर्नु भयो । उहाँले आम जनसमुदायको भरोसा अभिवृद्दि गर्न कर्पोरेट भवन निर्माणमा जोड दिन र हकप्रद शेयर चाँडो भन्दा चाँडो निष्काशन गर्न सुझाव दिनुभयो।

(ग) श्री सुदिप श्रेष्ठज्यूले कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्दै यथाशक्य चाँडो हकप्रद शेयर जारी गर्न अनुरोध गर्नु भयो।

(घ) श्री व्यासकुमार शर्माज्यूले कम्पनीको NFRS अनुसारको प्रतिवेदन राम्रो भएको र कम्पनीको दाबी भुक्तानी उत्कृष्ट रहेकोमा धन्यवाद दिनु भयो। त्यसै गरी कम्पनीको Core Business घटेकोले आगामी दिनमा

बीमाशुल्क आर्जनमा थप ध्यान पुऱ्याउनु पर्नेमा जोड दिनु भयो। अन्त्यमा, श्री शर्माले यस वर्ष लाभांश वितरण नगरेता पनि आगामी वर्ष शेयरधनीहरुलाई अझ बढी लाभांश प्रदान गर्न शुभकामना व्यक्त गर्नु भयो।

(ङ) श्री ब्रम्हदेव शाक्य ज्यूले नयाँ बीमा ऐन २०७९ जारी भसकेको सन्दर्भलाई इङ्गित गर्दै यस कम्पनीले कसैसँग गाभ्ने तथा गाभिने नभई एकल रुपमा हकप्रद शेयर जारी गरी तोकिएको पूँजी कायम गर्न लागेकोमा खुशी व्यक्त गर्दै आगामी वार्षिक साधारण सभा चाँडो भन्दा चाँडो सम्पन्न गर्न सुझाव दिनु भयो। साथै आगामी दुइवटा साधारण सभा एकै पटक एउटै मितिमा सम्पन्न गर्न सके कम्पनीको खर्चमा मितव्ययीता हुने कुरामा जोड दिनु भयो।

(च) श्री उद्दव प्रसाद घिमिरे ज्यूले एलआइसी नेपालको कर्मचारीहरुको कार्यशैली प्रति खुसी व्यक्त गर्दै समस्त एलआईसी टिमलाई राम्रो कार्य गरेकोमा धन्यवाद ज्ञापन गर्नुभयो। उहाँले आगामी वर्षको EPS र DPS मा वृद्धि होस् र आ.व. २०७८/७९ को वार्षिक साधारण सभा चाँडै सम्पन्न होस् भन्ने जिज्ञासा राख्नुभयो।

(छ) श्री लवराज जोशीले यति प्रतिष्ठित र सम्मानित कम्पनीले वार्षिक साधारण सभा समयमै सम्पन्न गर्न र भविष्यमा सुधार गर्नुपर्ने कुराहरुलाई योजना बनाई लागु गर्नु पऱ्यो भन्नेमा जोड दिनु भयो। साथै वार्षिक साधरण सभामा सबैको प्रतिनिधित्व हुन सकेमा कम्पनीको कमीकमजोरीहरूमा बेलैमा सुधार भई संस्थागत सुसाशन बलियो हुने आशा व्यक्त गर्नु भयो।

(ज) श्री रामगोपाल महर्जन ज्यूले कम्पनीले चुक्ता पूँजी समयमै कायम गर्न हकप्रद शेयर चाँडो भन्दा चाँडो जारी गर्न अनुरोध गर्नु भयो।

(झ) श्री निरुपमा गुप्ताले यस वर्ष शेयरधनीहरुलाई लाभांश प्रस्ताव नगरेकोमा मन खिन्न भए ता पनि व्यवस्थान खर्चलाई सीमा भित्रै राख्न सकेकोमा खुशी व्यक्त गर्दै आगामी वर्षको लाभांश दरमा बृद्दि होस भन्ने चाहना व्यक्त गर्नु भयो।

(ञ) श्री नरसिंह लाल चखूँले लिखित मन्तव्य दिदैं कम्पनीको मुनाफामा सुधार भएको देखिए पनि लाभांश वितरण नगरेकोमा गुनासो व्यक्त गर्दै आ.व. २०७८/७९ को वार्षिक साधारण शभा यथाशक्य चाँडो सम्पन्न गर्न र लाभांश वितरण गर्न जोड दिनु भयो। कम्पनीले क्षमतावान एवं योग्य कर्मचारीहरुलाई टिकाई राख्न कुनै ठोस कदम नचालेकोले सो तर्फ ध्यान पुऱ्याउन आग्रह गर्दै व्यसायलाई आक्रामक तवरले वृद्दि गर्न सुझाव दिनुभयो। त्यसै गरी कम्पनीले आन्तरिक नियन्त्रण प्रणाली र सुशासन कायम गर्न सचेत हुनुपर्नेमा जोड दिनुभयो। कम्पनीले यथाशक्य चाँडै हकप्रद शेयर जारी गरी तोकिएको पूँजी वृद्दि गर्न र आगामी दिनमा Risk Based Capital प्रणालीमा जानुपर्ने भनी सुझाव दिनुभयो।



Life Insurance Corporation (Nepal) Ltd.

(ट) श्री नन्द किशोर शर्माले लिखित मन्तव्य दिदैं कम्पनीले आगामी वार्षिक साधारण सभा चाँडै सम्पन्न गर्न सुझाव दिनु भयो। त्यसै गरी भारतीय जीवन निगम (LIC of INDIA) को यस कम्पनीमा रहेको साविकको शेयर संरचनामा कुनै परिवर्तन हुने वा नहुने भन्ने सम्बन्धमा जिज्ञासा राख्नु भयो।

१२. **शेयरधनीहरुको प्रश्न र जिज्ञासाहरुप्रति प्रतिउत्तरः**

सभाध्यक्ष श्री सिद्दार्थ महान्ति ज्यूको अनुमतिले कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री प्रणय कुमारले शेयरधनीहरुको प्रश्न र जिज्ञासाहरुप्रति सामूहिक प्रतिउत्तर दिदैं सबै शेयरधनी महानुभावहरुलाई उहाँहरुले व्यक्त गर्नुभएका महत्वपूर्ण सुझाव, सकरात्मक प्रतिक्रिया र कम्पनीले प्रगतिका लागि अवलम्बन गर्नुपर्ने उपायहरुका लागि हार्दिक आभार प्रकट गर्नु भयो। शेयरधनी महानुभावहरुको सकरात्मक सुझावहरुलाई ग्रहण गर्दै सोही अनुरुप भविष्यमा कार्यान्वयन गरिने प्रतिबद्धता जनाउनु भयो।

२१ औं वार्षिक साधारण सभा किन ढिला भयो भन्ने जिज्ञासाको सम्बन्धमा श्री कुमारले बीमाङ्कीय मूल्यांकनमा हुन गएको ढिलाईको कारण २१औं वार्षिक साधारण सभा निर्धारित समय सीमा भित्र हुन नसकेको र उक्त आ.व. को बीमाङ्कीय मूल्यांकन प्रतिवेदन प्राप्त भइसकेको र आगामी साधारण सभा यथाशक्य चाँडै बोलाईने जानकारी गराउनु भयो।

आगामी वर्षको लाभांशबारे चर्चा गर्दै श्री प्रणय कुमारले कम्पनी सवै लगानीहरु नेपाल बीमा प्राधिकरणको लगानी सम्बन्धि निर्देशिका बमोजिम नेपालभित्रै उत्कृष्टतवरले गरिएको र शेयरधनी महानुभावहरूलाई उच्च प्रतिफल दिने तर्फ भरमग्दुर प्रयास गरिने जानकारी गराउनु भयो।

त्यसै गरी हकप्रद शेयर कहिले जारी गर्ने भन्ने शेयरधनी महानुभावहरुको जिज्ञासाको सन्दर्भमा यस लाइफ इन्स्योरेन्स कर्पोरेशन(नेपाल) लि. हकप्रद शेयरको निष्काशन सम्बन्धी सम्पूर्ण प्रकियाहरू पुरा गरी नेपाल धितोपत्र बोर्डमा आवेदन गर्नको लागि आवश्यक कागजातहरू तयार गरिररहेको र सो तयारी पुरा भए पश्चात नेपाल धितोपत्र बोर्डमा आवेदन गरीने र त्यहाँबाट अनुमति प्राप्त हुनासाथ हकप्रद शेयर जारी गरिने तथ्य जानकारी गराउनु भयो।

वर्तमान शेयर संरचनाबाट ५ (पाँच) प्रतिशत संस्थापक शेयरलाई सर्व साधारण शेयरमा रुपान्तरण गर्दा यस कम्पनीमा भारतीय जीवन बीमा निगम (LIC of India) साविकको शेयर संरचना परिवर्तन हुने नहुने भन्ने सन्दर्भमा श्री कुमारले वर्तमानमा लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.मा LIC of India को शेयर संरचनामा कुनै परिवर्तन नहुने र यथावत ५५ प्रतिशत कायम नै रहने जानकारी गराउनु भयो।

लाइफ इन्स्योरेन्स कर्पोरेशन(नेपाल) लि. लाई नेपालको नं. १ कम्पनी बनाउने सन्दर्भमा एलआईसी नेपालले कम्पनीले ७७ शाखा कार्यालयहरु, ४ प्रादेशिक कार्यालय तथा १ कर्पोरेट कार्यालयबाट संस्थागत सुशासन कायम राख्दै सेवा दिईरहेको बताउनु भयो। त्यसै गरी श्री कुमारले यो कम्पनी उत्कृष्ट ग्राहक सेवा र शेयरधनीहरूलाई दिने लाभांशका लागि सर्वोत्कृष्ट छ भनी जानकारी गराउनु भयो।



Life Insurance Corporation (Nepal) Ltd.

१३. सभाको निर्णय:

(क) साधारण प्रस्ताव अन्तर्गत भएका निर्णयहरु:

(१) अध्यक्षज्यूले राख्नुभएको सञ्चालक समितिको वार्षिक प्रतिवेदन २०७७/०७८ सभाद्वारा सर्वसम्मतिका साथ पारित गरियो।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व.२०७७/०७८ को वासलात, आय-व्यय हिसाब र सोही अवधिको नगद प्रवाह विवरणलाई सर्वसम्मतिका साथ पारित गरियो।

(३) आ.व.२०७८/०७९ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा यस कम्पनीको लेखा परिक्षण समितिको सिफारिस बमोजिम श्री पि.एल. श्रेष्ठ एन्ड कम्पनीका चार्टर्ड एकाउन्टेन्ट श्री राजेश पौडेललाई मु.अ.क बाहेक रू ५,५०,०००/- (अक्षरेपी रू. पाँचलाख पचास हजार मात्र) पारिश्रमिक निर्धारण गरि लेखा परिक्षकको रुपमा नियुक्त गर्न कम्पनीको संचालक समितिमा छलफल भई शभामा राखिएको प्रस्तावलाई सभाद्वारा सर्वसम्मतिका साथ पारित गरियो।

(४) संस्थापक शेयरधनीको तर्फबाट नियुक्त सञ्चालकहरूको नियुक्तिलाई अनुमोदन गर्ने सम्बन्धमा संस्थापक शेयरधनी भारतीय जीवन बीमा निगमबाट प्रतिनिधित्व गर्नु हुने संचालक अध्यक्ष श्री एम. आर. कुमारको रिक्त स्थानमा निगमले सिफारिश गरे बमोजिम श्री सिद्वार्थ महान्ति, त्यसै गरी अर्का संचालक श्री बी.सी. पटनायकको स्थानमा श्री तबलेश पाण्डेय र अर्का संचालक एवं प्रमुख कार्यकारी अधिकृत श्री लक्ष्मी प्रसाद दासको रिक्त स्थानमा श्री प्रणय कुमारको नियुक्तिलाई सर्वसम्मतिका साथ अनुमोदन गरियो।

(ख) विशेष प्रस्ताव अन्तर्गत भएका निर्णयहरु:

(१) साविक संस्थापक शेयरधनीद्वय भारतीय जीवन बीमा निगम (LIC of India) र विशाल ग्रुप लि. हरु मध्ये सचालक समितिको निर्णय तथा नियमनकारी निकायको पत्र समेत बमोजिम विशाल ग्रुप लि. को नाममा कायम १५ प्रतिशत संस्थापक शेयरबाट ५ प्रतिशत संस्थापक शेयरलाई सर्वसाधारण शेयरमा रुपान्तरण गरी हाल कायम पूँजी संरचनामा संस्थापक र साधारण शेयरको ७०:३० अनुपातलाई परिवर्तन गरी ६५:३५ प्रतिशत कायम गर्ने र सोही अनुसार प्रबन्धपत्र र नियमावलीमा आवश्यक संसोधन गर्ने प्रस्तावलाई सभाद्वारा सर्वसम्मतिका साथ पारित गरियो।

(२) कम्पनीको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने सन्दर्भमा नियमनकारी निकायहरु (कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल बीमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड, आदि) ले आवश्यक सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक समायोजन गर्न संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने प्रस्तावलाई सभाद्वारा सर्वसम्मतिका साथ पारित गरियो।

(ग) अध्यक्षको अनुमतिले अन्य कुनै विषय नरहेको जानकारी गराइयो।



Life Insurance Corporation (Nepal) Ltd.

१४. **धन्यवाद ज्ञापन र विसर्जनः**

अन्त्यमा, सभाध्यक्ष श्री सिद्वार्थ महान्ति ज्यूले शभामा सहभागी सम्पूर्ण शेयरधनी महानुभावलाई हार्दिक धन्यवाद व्यक्त गर्दै यस लाइफ इन्स्योरेन्श कर्पोरेशन (नेपाल) लि. को २० औं वार्षिक साधारणसभा भव्य र शभ्य रुपमा सौहार्दपूर्ण वातावरणमा सम्पन्न गर्नमा सहयोग गरिदिनु भएकोमा उपस्थित सम्पूर्ण शेयरधनीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै दिउँसो २.१० बजे सभाको विसर्जन गर्नुभयो।

श्री सुदर्शन गिरी
(कम्पनी सचिव)

Life Insurance Corporation (Nepal) Ltd.

श्री सिद्वार्थ महान्ति
(अध्यक्ष )